# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०६८।०८०
च.नं. ४८८(शिक्षा)

फोन नं. ०१-४३१५७६६
मिति :.......................
२०८०।०३।०६

**विषय : हाजिरीजवाफ प्रतियोगिता आयोजना सम्बन्धमा ।**

श्री सबै (सामुदायिक तथा संस्थागत) माध्यमिक विद्यालयहरु
चन्द्रागिरि नगरपालिका ।

प्रस्तुत विषयमा यस नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको पूर्व प्रकाशित कार्यक्रम अनुसार मिति २०८०।०३।१५ गते नगरपालिका अन्तर्गत सञ्चालित सबै (सामुदायिक तथा संस्थागत) माध्यमिक विद्यालयको कक्षा ९-१० मा अध्ययनरत विद्यार्थीहरुबीच अन्तर माध्यमिक विद्यालय हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको हुँदा कार्यक्रम कार्यान्वयन सहजिकरण समितिको मिति २०८०।०३।०५ को निर्णयानुसार उक्त प्रतियोगितामा भाग लिन विद्यालयहरुले तपसिल बमोजिमका प्रकृयाहरु अवलम्बन गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

**तपसिल :**

१. प्रतियोगितामा भाग लिन मिति २०८०।०३।१० गते आइतबार अपरान्ह २:०० बजे भित्र यस शिक्षा युवा तथा खेलकुद शाखामा विद्यार्थीहरु कक्षा ९ र १० मा अध्ययनरत हुन भनी सम्बन्धित विद्यालयको सिफारिश पत्र साथ कम्तिमा १ जना छात्रा सहित ३ जनाको समूह दर्ता गराउनु हुन ।
२. हाजिरीजवाफ प्रतियोगितामा सोधिने प्रश्नको क्षेत्र यस प्रकार हुनेछ :
**क) कक्षा ९-१० को पाठ्यक्रमबाट ४० प्रतिशत**
जसअन्तर्गत- कक्षा ९ को पाठ्यक्रमबाट ३० प्रतिशत र कक्षा १० को पाठ्यक्रमबाट १० प्रतिशत
**ख) समसामयिक विषयबस्तु (सामान्य ज्ञान) बाट- ६० प्रतिशत**
सामान्य ज्ञान अन्तरगत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरु समाबेश हुनेछन् ।

**पुनश्च : कार्यक्रम सञ्चालन हुने स्थान, समय लगायत बाँकी जानकारीहरुका लागि पछि सूचना प्रकाशन गरिनेछ ।**

कर्ण बहादुर भुवाजी
अधिकृत (?)